समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०१/१७ बैठक संख्या: ४१

बैठक प्रारम्भ समय: दिनको ११:०० बजे बैठक समापन समय: बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

<u>निर्णयहरु</u>

१. खाँदबारी नगरपालिका तथा मातहतका कार्यालयलाई विपक्षी बनाई विभिन्न अड्डा अदालतमा पेश भएको रीट निवेदनको सम्बन्धमा नगरपालिकाकोतर्फबाट प्रतिरक्षा लगायतका सोसम्बन्धी सम्पूर्ण कार्य गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८(१) बमोजिम अधिकार प्रत्यायोजन गर्ने।

२. उत्तर दक्षिण कोशी सडक आयोजनाको PS ITEM अन्तर्गत विनियोजन रहेको रकमबाट मांसिमा मूहान खानेपानी आयोजनाको खाँदबारी नगरपालिकाको लभिङहिलदेखि चिचिला गाउँपालिकाको देउरालीसम्मको सडक निर्माणको क्रममा बिग्रिएको खानेपानी पाइपलाइन मर्मत/पुनर्निर्माणको लागि नगरपालिकाले स्वामित्व लिई योजना सञ्चालन गर्न सम्बन्धित निकायमा रकम माग गर्ने।

३. खाँदबारी नगरपालिका वडा नं. ९ स्थित ल्याण्डफिल्ड जाने मोटरबाटो मर्मत सम्बन्धमा ल्याण्डफिल्ड व्यवस्थापन सम्बन्धी आ. व. २०८०/८१ मा कार्यसञ्चालन भईरहेको ठेक्का न. KMO/NCB/WORKS/07/079/080 बाट मोटरबाटो मर्मत सम्बन्धी कार्य गर्नको लागि सम्बन्धित निकायमा सहमति माग गर्ने।

४. आगामी आ. व. मा खाँदबारी नगरक्षेत्रभित्रबाट नदीजन्य पदार्थ उत्खनन्को लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नुपर्ने भएको हुँदा १५ दिनभित्र वडा कार्यालयहरु समेतबाट राय सुझाव माग गरी नियमानुसारको प्रकृया शुरु गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

५. खाँदबारी नगरपालिकालाई आधुनिक सुविधा सम्पन्न एम्बुलेन्स उपलब्ध गराउनु भएकोमा भारतीय राजदुतावास, लैनचौर काठमाण्डौलाई धन्यवाद् ज्ञापन गर्ने।

६. खाँदबारी खानेपानी उपभोक्ता तथा सरसफाई सस्थालाई नगरकार्यपालिकाको कार्यालय कम्पाउण्डभित्रको उपर्युक्त स्थानमा खानेपानी ट्याङ्की निर्माणको लागि जग्गाको स्वामित्व नगरपालिकामा नै रहने गरी निर्माणस्थल उपलब्ध गराउने।

७. खाँदबारी नगरपालिका वडा नं. ९ स्थित श्री सिंहेश्वरी आधारभूत विद्यालय, बोहोराटारमा शिक्षक व्यवस्थापनको लागि नगरकार्यपालिकाको कार्यालयको शिक्षा उपशाखामार्फत स्थलगत अध्ययन सहित प्रतिवेदन पेश गर्न निर्देशन दिने।

८. खाँदबारी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको सम्बन्धमा नगरकार्यपालिकाको मिति २०८०/०२/३१ को कार्यपालिका बैठक निर्णयानुसार तदर्थ समिति गठन भई ६ महिनाभित्र विधान तयार गरी साधारणसभा समेत सम्पन्न गर्न कार्यादेश भएकोमा विविध कारणले विधान सहित साधारणसभा सम्पन्न हुन नसकेकोले म्याद थपको

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

लागि समितिकोतर्फबाट पेश भई आएको हुँदा ६ महिना पूरा भएको मितिबाट लागू हुने गरी उक्त तदर्थ समितिको म्याद एक बर्षसम्म थप गर्ने ।

९. श्री अग्नी उर्जा इन्जिनियरिङ कम्पनी प्रा. लि., सुन्दरहरैचा, मोरङले नवीकरणीय उर्जा (गोबरग्याँस प्लाण्ट) सम्बन्धी कार्यसम्पन्न गरेको तथा भुक्तानी बाँकी रहेको भनी निवेदन पेश भई आएको हुँदा उक्त सम्बन्धमा के -कसो भएको हो ? अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न देहाय अनुसार समिति गठन गर्ने ।

**देहाय :**

संयोजक - श्री डम्बरबहादुर घले, पूर्वाधार विकास समिति संयोजक, खाँदबारी नगरपालिका

सदस्य - श्री रुद्रमणी श्रेष्ठ, लेखा अधिकृत, खाँदबारी नगरपालिका

सदस्य - श्री विजयकुमार खड्का, इन्जिनियर, खाँदबारी नगरपालिका

१०. खाँदबारी नगरपालिकाको आ. व. २०८०/८१ मा विनियोजित प्रशासनिक भवन निर्माण शीर्षकमा हालसम्म खर्च भएर बाँकी रहेको रकम कभर्डहल निर्माण शीर्षकमा रकमान्तर गरी भुक्तानी दिने ।

११. खाँदबारी नगरक्षेत्रभित्रका ब्यक्ति, विद्यालय तथा संस्थाको स्वामित्वमा रहेका जग्गाहरुबाट विद्युत प्रसारण लाइन निर्माण गरी विद्युत प्रसारण भएकोमा हाल निजी स्वामित्वको जग्गा भोगचलनमा असर पुगेको भनी बारम्बार जनगुनासो आउने गरेकोले सो सम्बन्धमा उपर्युक्त स्थानबाट विद्युत प्रसारण लाइन स्थानान्तरणको लागि संघीय तथा प्रदेशस्थित सम्बन्धित मन्त्रालयमा बजेट माग गर्ने ।

१२. खाँदबारी नगरपालिका वडा नं. ४ स्थित श्री कालिका माध्यमिक विद्यालयको निर्माणाधिन भवनको ढलान गर्ने उपर्युक्त श्रोतबाट आर्थिक व्यस्थापन गरी सम्पन्न गर्ने ।

१३. खाँदबारी सुपेरियर सिष्टर सिटी बोर्डको निमन्त्रणामा अमेरिका भ्रमणमा जान इच्छुक पदाधिकारी/कर्मचारीहरुलाई आवश्यक कागजात उपलब्ध गराउन जानकारी गराउने ।

१४. निम्नानुसार निवेदकहरुलाई तपसिलमा उल्लेख भएबमोजिम आर्थिक सहायता प्रदान गर्ने ।

**देहाय:**

| सि.नं. | नामथर | ठेगाना | रकम रु. | समस्या | श्रोत |
|---|---|---|---|---|---|
| १. | भुवन बोहोरा | खाँदबारी - ९ | एम्बुलेन्स प्रयोग | उपचार | आर्थिक सहायता |
| २. | मिनेश कार्की (दुर्गा कार्की) | खाँदबारी - ३ | २०,०००।- | क्यान्सररोग उपचार | आर्थिक सहायता |
| ३. | स्काउट महोरा | खाँदबारी - १ | २०,०००।- | मृगौलारोग उपचार | आर्थिक सहायता |
| ४. | दुर्गामाया सार्की | खाँदबारी - ८ | १५,०००।- | उच्चरक्तचापसम्बन्धी उपचार | आर्थिक सहायता |

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत